# यसरी गुथाइयो मलाईपनि, कविको पगरी ...

अनुप न्यौपाने " आयु ", टोरोन्टो

मैले भन्न खोजेको कुराको सहज अनुमान माथीको शिर्षकलेनै दिन्छ जस्तो लाग्छ | मलाई नजिकबाट चिन्ने धेरैलाई थाहा छ, म कबि होइन | साहित्यिक गतिबिधिसित मेरो गोरु बेचेको साइनोपनि छैन भन्दा अतिशयोक्ति हुदैन | यो कुरा यहाँका , बाल्यकाल र कलेजका साथी संगति मात्र होइन, मेरो परिवारका सदस्यहरुलाईपनि राम्रैसंग थाहा छ | मित्रहरुसितको जमघटमा मैले गाएको नेपाली गीत सुनेर आफ्नै दाई अचम्म परेको कुराले नेपाली साहित्यप्रतिको मेरो पारिवारिक कमजोरी छर्लङ्ग हुन्छ | तराईको फाँटमा हुर्केको हुनाले दाइको आश्चर्यता नौलो होओइन | मैले कवितापनि कोर्छु भन्दा माथिका सबै पात्र एकपल्ट रमाइलोसित हास्नेछन भन्ने कुरा स्विकार्दा मलाई अलिकति पनि अप्ठेरो महशुस हुदैन |

धेरै भो क्यानाडा आएकोपनि | अब त सपनापनि एतैको देख्न थालिएछ,रुपिंया पैसालाईपनि डलर र सेन्ट्स भन्ने बानी परेछ | ओ क्यानाडा बज्दा श्रद्धाले आङ्ग सिरिङ्ग सिरिङ्ग हुने भैसकेछ, उही सयौं थुंगा फूलका हामी पाराले | साथीभाई मजैले खिसिट्युरी गर्छन,यो अलि बढी कनडिअन भयो भनेर तर के गर्ने रहदै बस्दै गर्दा यस्तो हुँदो रहेछ.सायद सबैको एस्तै होला |

यसरी आप्रबासी भएर बसेतापनि मनमा सधै नेपालनै दुख्दो रहेछ, तृषित हुँदो रहेछ र सायद तेसैको तिर्षना मेटाउन अनायासै नेपाली समुदाय, नेपाली मेला र नेपाली पार्टीपौवाको सम्पर्कमा पुगिदो रहिएछ | यस्तै बसाईको क्रममा केहि साहित्यिक बिद्धवत साथीभाईको संगत गर्ने अवसर पाइयो | साहित्यिक जमघटहरुमा जाने चाँजोपाँजो मिल्यो | कबिहरुको संगत र कविता श्रवण गर्ने मौका जूर्यो | लहैलहैमा आफैलेपनि कबिगोष्ठीको आयोजना गर्नेसम्मको जिम्मेवारी लिइयो | एवं रितले कबि के हुन् र कविता के हो भन्ने थौरै भएपनि बुझ्ने भईयो | आफै लेख्ने भन्ने त सोच्नपनि सकिएको थिएन तथापी साहित्यिक आकर्षणले त्यस तर्फ डोर्याउदै लगेको म महशुस गर्न थालिसकेको थिए |

समय यसैगरि बितिरहेको थियो ,आफ्नै गतिमा | मानिस स्वभावलेनै सामाजिक प्राणी भएको र म पनि तेसै समाजको एक सदस्य भएको नाताले राम्रो कार्यमा आफ्नोपनि केहि योगदान हुन्छ कि भनेर समय र गच्छले भ्याएसम्म कहिले कबि गोष्ठी , कहिले बैचारिक मंचमा त कहिले सामाजिक सेवामा आफ्नो उपस्थिति दर्ज गराइनै रहन्थे | कहिले काँही कविगोष्ठीहरुमा कबिता श्रवण गर्न पुग्दा साथीभाई

र अग्रजहरुले " ल है अनुपजी कविता पनि लेख्नु पर्छ ,बाचन पनि गर्नु पर्छ भनेर हौस्याउने काम गरीनै रहेका हुन्थे ,आफुलाई चाहीं गिज्याएको भान हुन्थ्यो | नहोस पनि किन , मैले पहिलो पटक कविता सुनेकै येही क्यानाडामा आएर हो अनि तेस्तो सोच्नु गलत पनि होओइन जस्तो लाग्छ | म पनि " हो हो ! अर्को पटक है " भन्थे र पन्छ्याई दिन्थे |

त्यसरी क्यानाडामा मलाई कविता लेख्न हौस्याउने साहित्यकार र असाहित्यकार मित्रहरुको नामै लिएर भन्नु पर्दा साथी मुक्ति गौतम र नवीन बैद्यको नाम अग्रपंक्तिमा आउँछ भने प्रत्येक कबिगोष्ठीमा "कविता छैन ?" अथवा "ल ल अनुपजीको कविता " भनेर उत्साहित पार्ने गोविन्द रावत दाई , नब गुरुङ जी,गोपी काफ्ले जी, तुलसी धरेल जी, पशुपति पोख्रेल जीका अतिरीक्त तपाईको कविता छ भने सुन्न चाहि आउछु है भनि लेख्न बल दिने साथी गिरिराज अधिकारी जी र संजीव रिजाल दाईको नाम पनि मा यहाँ छुटाउन चाहन्न |

एति धेरै साथीभाईहरुको अनुरोधमा गमिदै जाँदा लेखौंलेखौं नलागेको होइन तर फुर्नुपनि त पर्यो नि | धेरै प्रयास गरेपनि केहि शीप लागेन | सकिएन बन्द ,यो मेरो बिषय परेन भनि सोच्नै छाडे तरसधैं सबै कुरा आफुले चिताएको जस्तो कहाँ हुन्छ र ? एक दिन घर पार्टी चलिरहेको बेला साथी नवीन बैद्यले आफ्नो पहिलो संकलित र प्रकाशित कविता संग्रह देखाउनु भयो | यसो हेरेर पढेको त,अलि बेस्करिनै पढिएछ कि क्या हो " यो अनुप न्यौपानेलाई कविता लेख्न त के लेखेको कविता बाचन सम्म गर्न आउदैन " भनि मरीमरी सबै सामु हासेको अझैपनि खुब सम्झना आउछ |

मान्छेको जात न हो आँटे के पो सक्दैन र ? म पनि अब विभिन्न चरणमा कविताबारेनै सोच्ने भइसकेको थिए | बारम्बारको आग्रहले एउटा त कसो लेख्न नसकिएला भन्ने धुनमै मन एकांकित हुन थाल्यो | शारीरिक श्रमको काम रातिको ८/९ बजे सकिने भएतापनि मनमा कबि बन्ने लहड गएन बरु झन् झन् बढ्दै गयो | मनको उकुस मुकुस कसलाई सुनाउ जस्तो हुन थाल्यो | श्रीमतीलाई भनु त्यो पनि सकिएन ,हासेर गिज्याउलिन भन्ने पीर तर जे होस् प्रयासचाहि गर्छु भन्ने लाग्यो र मनलाई काब्य रचनाप्रति सकारात्मक बनाउदै लगे |

कविता लेख्न सर्वप्रथम त बिषयनै चाहियो | देशको हरेक गतिबिधिप्रति बिदेशमा बस्ने यो नेपाली मन उत्तिकै चासो र चिन्ता राख्छ | यो अकाट्य सत्य हो | राजनैतिक उथल पुथल,दल र नेताहरुको बाहिर र भित्र बोल्ने/गर्ने दोहोरो चरित्र र कविता लेख्ने मेरो प्रयाश बीच , मैले लेख्ने कविताको बिषयसम्म फुर्यो | रातको ९ बजे जाडोको समय स्ट्रीट कारमा कामबाट फर्कदै गर्दा ,स्ट्रीट कारमै १/२ हरफ कोरे, तेतिकैमा नवीनजीको फोन आयो ; भर्खरै कोरेको खेस्रा सुनाए ,वहाँले गजब छ भन्नुभयो | जिस्काएको वा साँचो भनेको छुट्ट्याउन गाहो भो | जे होस् धन्यबाद भनि फोन राखे तर त्यो २ हरफ

खेस्रापछि अरु अगाडी मरे काटे फुरेन | सोची रहे, अबेरसम्म घोत्ले अह ,ड्राइवरले स्ट्रीटकारमा पूर्ण बिराम लगाए झैं मेरो कवितामा पनि सम्पूर्ण बिराम लाग्यो | केहीबेरमै घर आइपुग्यो | श्रीमतीले मिठो खान पस्किन ,खाइयो , अघी फुर्ला फुर्ला जस्तो भएको कवितापनि स्वादिष्ट खानासंगै सुर्लुप्पै निलियो र आरामले डकार्दै सुतियो |

बच्चा सानै थियो ,राति बेलाबेलामा पिशाब फेराउन उठाउनु पर्दथ्यो | त्यो रात करिब १ बजे छोरालाई पिशाब फेराइवरी सुत्छु भन्दा त फेरी तेही कविताको भुत दिमागमा फनफनी घुम्न थाल्यो | अब त सोच्दिन,आजलाई पुग्यो सुत्छु भन्दापनि घरीघरी मनमा मडारीनै रह्यो | म निदाउन नसकी छट्पटिएको श्रीमतीले चाल पाईछन् क्यारे "के भयो, निन्द्रा परेन ?" भनि सोधिहालिन | मैलेपनि धेरै भुमिका केहि न बाधी " ए बुढी ! कविता फुर्यो " भने | उन्ले हत्तनपत्त मेरो निधार, कान र छाती छामछाम छुमछुम गर्न थालिन , मैले " के गरेकी ? " भनेर सोद्धा " सन्चो भएन कि निन्द्रामा बोलेको ठम्याउन खोजेको" भनिन | आफ्नै अर्धांगिनीलाई समेत उन्को श्रीमान कवितापनि लेख्न सक्छ भनि पत्यार नलागेकोमा रातिको २ बजे म फिस्स मुस्कुराउन बाध्य भए | "ल अब तिमी सुत,म कविता लेख्न जान्छु " भनी म मेरो कम्प्युटर कोठातिर लागे | केहि बेर पश्चापनै श्रीमती पानील्याइदिने निहुँमा मलाई हेर्न आइन , मलाइ थाहा थियो पानी त एउटा बहाना थियो असलमा उनी कहिँ म निन्द्रामा त बिउझिन भनि बुझ्न आएको थिइन् |

यसरी राति २ बजेको समय टेबलमा बसी मेरो जीवनको पहिलो कविता "गोहीको आँशु "लेख्न सुरु गरे र झन्डै बिहानीको ३.३० सम्म लेखेर तयार पारें | पूर्ण भयो मेरो चाहना | बिहान ४ बजे फेरि श्रीमतीलाई उठाई सम्पूर्ण कविता सुनाए | उन्ले कति बुझिन के बुझिन थाहा भएन तर राम्रो छ भनि फेरि एक झिमिकमै निन्द्रा देविको काखमा पुगीन | जे होस् मेरो पहिलो कविता बाचनकोलागि तयार भयो | नजिकका केहि मित्रहरुलाई सुनाए ,पहिलो प्रयास प्रशंसनीय छ भन्ने प्रतिक्रिया पाएँ , हर्षले मन गद्गद् भएर आयो |

यस सन्दर्भमा भन्नु पर्दा म आफुलाई थोरै भाग्यमानी र थोरै अभागी ठान्छु. भाग्यमानी यस अर्थमा कि मेरो पहिलो कबितानै क्यानाडाबाट प्रकाशित हुने चौतारी भन्ने पत्रिकामा छापियो र अभागी यस अर्थमा कि तेती धेरै मिहिनेत साथ् लेखिएको आफ्नो जीवनको पहिलो कविता आफैले कहिल्यै कविगोष्ठीमा बाचन गर्न पाइएन र लक्ष्मी जयन्तिको उपलक्ष्यमा साथी साहित्यकार मुक्ति गौतमबाट बाचन गराइयो |

तेसपछिको पछिल्लो समयमा भने अरुपनि कविताहरु श्रिजित हुदै गए जुन अहिलेसम्मपनि जारीनै छ र यसरी मलाईपनि क्यानाडामा साथीभाई र अग्रजहरुले कविको पगरी गुथाइदिए.

धन्यबाद.

सरी साहित्यमा मेरो पहिलो सन्तानको रुपमा जन्मेको कविता यहांहरु समक्ष पाठनको लागी पस्केको छु |

मारकाट र काटमार मै रमाई रहेका हामी,

मर्नु र मार्नु को उद्देश्य बीच !

अहो ! शान्ती सम्झौताले पलाएको आशा ,

संबिधान सभा बिघटनपछिको घोर निराशा ! !

गरिब जनता, निमुखा पेट, आजपनि तेही !

बडेमानको पेट लिई झार्छन आँशु गोही ! !

झलझल सपना सत्ताको, भलै मिचेर देश,

स्वास्थ्य,शिक्षा,चेतन अभाव,पुरातन युगमा प्रवेश !

कस्तो कुपुत्र,कति अभागी हे तिमी नेपाल आमा !

देशै नरहे, प्रदेश भनि ,के लगाउछौ बिदेशी जामा ?

हात समाई, बचन लगाई छातीमै टेक्यौ आना ,

घरी नालापानी , घरी कालापानी ! कति मिच्यौ हाम्रो सिमाना ?

अब त उठ,अब त जाग , बाच्छौ कंकाल कति ?

उठेनौ अब , जागेनौ आज ,भो यतिमै तिम्रो इति ! !

सेप्टेम्बर २००९